# बजेट वक्तव्य

१. **जानकी गाउँपालिकाको १६ औं गाउँ सभा** बैठकका सभाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, गाउँ सभाका सदस्यज्यूहरू, गाउँपालिकाका सम्पूर्ण कर्मचारीज्यूहरू, सञ्चारकर्मी मित्रज्यूहरू, सुरक्षाकर्मीज्यूहरू तथा उपस्थित सम्पुर्ण महानुभावहरूलाई मेरो व्यक्तिगत तथा गाउँपालिका परिवारको तर्फबाट हार्दिक अभिवादन सहित स्वागत गर्दछु ।

२. यस जानकी गाउँपालिकाको समग्र विकास, समृद्धि र जनकल्याणका लक्ष्यहरूलाई साकार पार्ने उद्देश्यले जानकी गाउँपालिकाको **१६औं गाउँ सभामा** आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउनु मेरो लागि अपार हर्ष, गौरव र उत्तरदायित्वको विषय हो ।

३. नेपालमा लोकतान्त्रिक शासन व्यवस्थाको स्थापनार्थ विभिन्न कालखण्डमा सम्पन्न भएका आन्दोलनहरूमा आफ्नो अमूल्य जीवन अर्पण गर्नु भएका सम्पूर्ण **ज्ञात–अज्ञात सहिदहरू प्रति उच्च सम्मान सहित हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दछु। त्यसैगरी, जनअधिकार र राजनीतिक परिवर्तनका आन्दोलनहरूका क्रममा बेपत्ता, घाइते तथा पीडित नागरिकहरूप्रति गहिरो सहानुभूति र सम्मान प्रकट गर्दछु। राष्ट्रिय स्वाधीनता, लोकतन्त्र, सामाजिक न्याय, समानता र समृद्धिको स्थापनार्थ भएका सम्पूर्ण राजनीतिक परिवर्तनहरूको नेतृत्व गर्नु हुने आदरणीय नेतागण तथा त्यस परिवर्तनलाई सम्भव बनाउने आम जन–जनप्रति हार्दिक नमन र कृतज्ञता व्यक्त गर्दछु।

४. अब म **नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता तथा राष्ट्रिय एकताको गहिरो सम्मान गर्दै, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको मूल मर्म अनुरूप, समावेशी लोकतन्त्र, सुशासन, सामाजिक न्याय, तथा स्थायी शान्तिको आदर्शलाई आत्मसात** गर्दै नेपालको संविधान, २०७२

तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ द्वारा प्रदत्त अधिकारको प्रयोग गर्दै–**जनताको अपेक्षा, आवश्यकताको सम्बोधन र विकास–समृद्धिको मार्गचित्रका रूपमा निर्माण** गरिएको जानकी गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न यस सम्मानीत गाउँ सभाबाट अनुमति प्रदान होस् भनी अनुरोध गर्दछु।

अब यस गरिमामय सभा समक्ष वार्षिक योजना तथा बजेट तर्जुमाका आधार, उद्देश्य र प्राथमिकताका क्षेत्रहरू प्रस्तुत गर्न चाहन्छु ।

## ५. वार्षिक योजना तथा बजेट तर्जुमाका आधारहरूः-

क. नेपालको संविधान, २०७२,

ख. स्थानीय सरकार संचालन ऐन, २०७४,

ग. स्थानीय तहको बजेट तथा योजना तर्जुमा दिग्दर्शन (परिमार्जित), २०७४,

घ. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४,

ङ. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४,

च. गाउँपालिकाबाट स्वीकृत आवधिक योजना, नीति, कार्यविधि तथा निर्देशिकाहरू,

छ. विषयगत समितिबाट आएका नीतिगत विषय एवं सिफारिसहरू,

ज. वडा समितिका प्राथमिकताका कार्यक्रमहरू,

झ. गाउँपालिकाका गौरवका, अति आवश्यक ठानिएका तथा क्रमागत विकास आयोजनाहरू,

ञ. विज्ञ, स्थानीय सरोकारवाला, नागरिक समाज, राजनीतिक दलका प्रतिनिधिहरूसँग गरिएको परामर्श तथा सुझावहरू,

ट. समुदायमा भएको जनसुनुवाई र सर्वेक्षणबाट सङ्कलित आवश्यकताहरू,

ठ. प्रदेश सरकार र संघीय सरकारका नीति तथा कार्यक्रमहरूसँग समन्वय गरी तर्जुमा गरिएका योजनाहरू।

६. **बजेट तथा कार्यक्रमका उद्देश्यहरूः-**

क. कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण तथा व्यवसायीकरण मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गरी आर्थिक समृद्धिमा योगदान पुऱ्याउने।

ख. व्यवसायीक पशुपंछीपालन, स्रोत विकास, संरक्षण सेवा र बजार व्यवस्थापनलाई मजबुत बनाएर कृषक परिवारको प्रमुख आयश्रोतको रूपमा उन्नत पशुपालन पेशालाई विकास गर्ने।

ग. कृषि, उद्योग, पर्यटन र सेवा क्षेत्रहरूको उत्पादन प्रणालीमा विकास गरी लक्षित वर्गका लागि रोजगारी सृजना र पहुँच अभिवृद्धि गर्ने।

घ. आधारभूत भौतिक पूर्वाधारहरूको विकास र विस्तार गरी आर्थिक र सामाजिक क्षेत्रमा सकारात्मक प्रभाव पार्ने।

ङ. शिक्षा र स्वास्थ्यलाई उच्च प्राथमिकतामा राख्दै गुणस्तरीय सेवा सबै नागरिकसम्म सहज रूपमा पुऱ्याउने।

च. जातजाति, भाषा, धर्म, संस्कृति, मौलिक तथा परम्परागत सीप, कला र प्राकृतिक सम्पदाको संरक्षण तथा संवर्द्धन गरी समृद्ध र सुदृढ गाउँपालिका निर्माण गर्ने।

छ. वातावरण संरक्षण तथा जलवायु परिवर्तन अनुकूल नीति कार्यान्वयन गर्दै प्राकृतिक स्रोतको दिगो व्यवस्थापन सुनिश्चित गर्ने।

ज. प्रविधि र नवप्रवर्तनलाई कृषी तथा स्थानीय उद्योग क्षेत्रमा प्रवर्द्धन गरी उत्पादन क्षमता र प्रतिस्पर्धात्मकता बढाउने।

झ. समावेशी विकासका लागि महिलाहरू, युवाहरू र विपन्न वर्गलाई लक्षित गरी अवसर सृजना र क्षमता अभिवृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गर्ने।

७. **बजेट तथा कार्यक्रमका प्राथमिकताका क्षेत्रहरूः-**

क. **सामाजिक विकासको प्रवर्द्धनः**

शिक्षा, स्वास्थ्य, पोषण, खानेपानी तथा सरसफाई, लैङ्गिक समानता, सामाजिक समावेशीकरण, बालमैत्री सेवा, अपाङ्गता अनुकूल पूर्वाधार तथा सांस्कृतिक संरक्षण र प्रवर्द्धन मार्फत सामाजिक रुपान्तरण सुनिश्चित गर्ने।

**ख. आर्थिक विकासको आधार सुदृढीकरणः**

कृषि, पशुपालन, पर्यटन, लघु तथा घरेलु उद्योग, सहकारी, उद्यमशीलता र सीप आधारित रोजगारी सृजना गरी स्थानीय अर्थतन्त्रमा गतिशीलता ल्याउने।

**ग. पूर्वाधार विकासमा प्राथमिकताः**

सडक, पुल, सिंचाई, विद्युत्, भवन, शहरी तथा ग्रामीण संरचना, सूचना तथा संचार, सार्वजनिक सेवा केन्द्रहरूको निर्माण तथा स्तरोन्नति गर्ने।

**घ. सुशासन, पारदर्शिता र शासकीय सक्षमताः**

शासकीय दक्षता, सार्वजनिक सेवा प्रवाहमा सुधार, नागरिक सहभागिता, इ-गभर्नेन्स, जवाफदेहिता तथा भ्रष्टाचार न्यूनीकरणका कार्यक्रम कार्यान्वयन गरी उत्तरदायी शासन प्रवर्द्धन गर्ने।

**ङ. वातावरण संरक्षण तथा जलवायु सहनशीलताः**

प्राकृतिक स्रोतको संरक्षण, विपद् जोखिम न्यूनीकरण, जलवायु अनुकूलन कार्यक्रम सञ्चालन गरी दिगो तथा समावेशी विकासलाई सुनिश्चित गर्ने।

**च. मानव स्रोत विकास तथा सामाजिक सशक्तीकरणः**

युवा, महिला, जेष्ठ नागरिक, विपन्न तथा सीमान्तकृत समुदायको क्षमता अभिवृद्धि, नेतृत्व विकास, खेलकुद, सीपमूलक तालिम तथा आत्मनिर्भर जीवनयापनका कार्यक्रमहरू सञ्चालन गर्ने।

**छ. वडाबाट प्राप्त सिफारिस तथा स्थानीय प्राथमिकताः**

वडा समितिबाट संकलित आवश्यकता र प्राथमिकतालाई सम्मानपूर्वक समेटी, स्थानीय आवश्यकता अनुरूप योजना तथा बजेटको विनियोजन सुनिश्चित गर्ने।

अब म आ.व. २०८२/०८३ का लागि प्रस्तुत हुने वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाका प्रमुख चुनौतीहरू र सम्भावनाहरू प्रस्तुत गर्न चाहन्छु ।

८. **बजेट तथा कार्यक्रमका प्रमुख चुनौतीहरूः-**

क. स्थानीय तहको आफ्नै स्रोत साधन सीमित हुनुका साथै आन्तरिक आय संकलन क्षमतामा कमजोरी रहेकाले संघीय तथा प्रदेश सरकारको अनुदानमा अत्यधिक निर्भर रहनु परिरहेको अवस्था छ,

ख. आवश्यकतानुसार बजेटको अभाव वा समयमै निकासा नहुनु,

ग. जनअपेक्षा उच्च हुँदा पनि संस्थागत तथा प्राविधिक क्षमताको सीमितता,

घ. विपद् (बाढी, डुबान, महामारी, सुख्खा आदि) का कारण विकास कार्यक्रममा अवरोध आउने सम्भावना,

ङ. कार्यान्वयन संस्थासँग आवश्यक जनशक्ति, उपकरण तथा तालिमको अभाव,

च. योजनाको कार्यान्वयनमा ढिलाइ,

छ. सार्वजनिक खरिद प्रक्रिया तथा प्राविधिक मूल्याङ्कनमा देखिने जटिलता र ढिलाइ,

ज. समन्वय अभावः वडा, पालिका, प्रदेश र संघबीच समन्वयको अभावले दोहोरो योजना र असमान वितरण,

झ. राजनीतिक तथा सामाजिक दबाबले प्राथमिकतामा विचलन ल्याउने जोखिम,

ञ. आयोजना कार्यान्वयनमा जनसहभागिताको कमी।

९. **बजेट तथा कार्यक्रमका प्रमुख सम्भावनाहरूः-**

क. **कृषि तथा पशुपालनमा बजारीकरण र व्यवसायीकरणको उच्च सम्भावनाः** उपयुक्त जलवायु, कृषियोग्य जमिन, परम्परागत सीप तथा जनशक्तिको प्रयोगद्वारा कृषि तथा पशुपालन क्षेत्रमा उत्पादन वृद्धि गर्दै बजारीकरण गर्न सकिने सम्भावना उच्च रहेको छ ।

ख. **आन्तरिक राजश्व स्रोतको विस्तारको अवसरः**
जग्गा/सम्पत्ति कर, व्यवसाय कर, सेवा शुल्क तथा नयाँ करको परिचयमार्फत राजश्वको क्षेत्र र दायरा विस्तारको सम्भावना देखिन्छ।

**ग. आन्तरिक तथा बाह्य पर्यटन व्यवसायको प्रवर्द्धनः**

स्थानीय धार्मिक, सांस्कृतिक, ऐतिहासिक स्थल, होमस्टे, जैविक कृषि तथा वन क्षेत्रको उपयोग गरी आन्तरिक/बाह्य पर्यटन विकास गर्न सकिने आधारहरू उपलब्ध रहेका छन् ।

**घ. स्वास्थ्य सेवा, शिक्षा र व्यापारीक केन्द्रको रूपमा विस्तारः**

बजार, सेवा केन्द्र तथा आधारभूत पूर्वाधार विस्तारसँगै गाउँपालिकालाई शिक्षा, स्वास्थ्य तथा साना व्यापारीक केन्द्रको रूपमा विकास गर्न सकिने अवसर देखिन्छन् ।

**ङ. विकासमा लागत साझेदारी गर्न सकिने सम्भावनाः**

संघीय सरकार, प्रदेश सरकार, निजी क्षेत्र, सहकारी तथा विकास साझेदार संस्थाहरूसँग लागत साझेदारीमार्फत ठूला आयोजना कार्यान्वयन गर्न सकिने सम्भावना छ ।

**च. औद्योगिक क्षेत्रको रूपमा विकास सम्भाव्यताः**

स्थानीय कच्चा पदार्थ, जनशक्ति, बजार पहुँच आदि तत्वलाई आधार मानेर लघु तथा घरेलु उद्योग, कृषिजन्य उद्योग तथा सेवा उद्योग विकास गर्ने सम्भावना रहेको छ ।

**ज. स्थानीय स्वशासन अन्तर्गत प्राप्त नीति निर्माण र सेवा प्रवाहको अधिकारः**

संविधानले प्रत्याभूत गरेको अधिकार प्रयोग गरी आवश्यकता अनुसार नीति बनाउने र कार्यक्रम लागू गर्ने संवैधानिक शक्ति प्रयोग गर्न सकिन्छ ।

**झ. प्रविधिको प्रयोग र नवप्रवर्तन प्रवर्द्धनः**

डिजिटल प्रणाली, MIS, ई–सेवा, स्मार्ट कार्यालय प्रणाली लगायत प्रविधिको प्रयोगबाट सेवा प्रवाह र प्रशासनिक दक्षता बढाउन सकिने सम्भावना देखिन्छ ।

ञ. **समुदाय, नागरिक समाज र सरोकारवालाको सहभागिताः**
जनप्रतिनिधि, सरोकारवाला र नागरिक समाजको सक्रिय सहभागिताले योजना छनोट, कार्यान्वयन र अनुगमनमा पारदर्शिता र स्वामित्व बढाउन सकिने देखिन्छ ।

१०. सिमित स्रोत साधन र असीमित जनअपेक्षा एवं आकांक्षाबीचको स्पष्ट अन्तरलाई हामीले आत्मसात् गर्नुपर्दछ। एकातर्फ स्रोतको न्यूनताका कारण हामीले चाहेजस्तो मात्रामा विकासका क्षेत्रमा लगानी गर्न सकिरहेका छैनौं भने, अर्कातर्फ हरेक नागरिकको अधिकारको प्रत्याभूति गराउँदै समावेशी र सन्तुलित विकासमा पनि ध्यान पुऱ्याउनु पर्ने चुनौती छ।

यस बजेट तर्जुमा गर्दा नेपाल सरकार तथा सुदूरपश्चिम प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान, वित्तीय समानीकरण अनुदान, समपूरक तथा विशेष अनुदान, साथै राजस्व बाँडफाँटबाट प्राप्त हुने आम्दानी र गाउँपालिकाको आन्तरिक स्रोत परिचालनबाट हुने आम्दानीलाई आधार मानिएको छ।

गाउँसभाका सम्माननीय सभाध्यक्षज्यूबाट प्रस्तुत नीति तथा कार्यक्रमलाई आधार मानी—स्थानीय स्रोत र साधनको अधिकतम परिचालन गर्दै सेवा प्रवाहमा सुधार, उत्पादनशील क्षेत्रको विस्तार, रोजगारी सृजना र आम नागरिकको जीवनस्तर उकास्न सक्ने कार्यक्रमहरूमा बजेट केन्द्रित गरिएको छ।

यसरी, स्रोतको यथार्थतासँग मेल खाने, समावेशी, सन्तुलित र प्राथमिकता आधारित विकासलाई सुनिश्चित गर्ने उद्देश्यसहित आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ।

**आदरणीय सभाध्यक्ष महोदय,**

**एवं सभा सदस्यज्यूहरू,**

अब म चालु आ.व. २०८१/०८२ मा यस गाउँपालिकाको आय व्ययको संशोधित अनुमान तथा सम्पादित महत्वपूर्ण कार्यहरूको संक्षिप्त विवरण प्रस्तुत गर्न चाहन्छु ।

**११. चालु आ.व. २०८१/०८२ को संशोधित आय अनुमानः-**

चालु आ.व. २०८१/०८२ मा शुरू आय अनुमान **रू.६८ करोड ५६ लाख १८ हजार** रहेकोमा संशोधित आय अनुमान **रू.६७ करोड ७ लाख ६८ हजार** रहेको छ । यसमा गत वर्षको बाँकी मौज्दात सहित आन्तरिक आय तर्फ **रू. ४ करोड १ लाख २५ हजार**, संघीय समानीकरण अनुदान तर्फ **रू.१३ करोड ८८ लाख**, संघीय सशर्त अनुदान तर्फ **रू.२८ करोड ८४ लाख २५ हजार**, संघीय समपुरक अनुदान तर्फ **रु.१ करोड ३० लाख**, संघीय राजश्व बाँडफाँटबाट प्राप्त हुने आय तर्फ **रू.१२ करोड ७९ लाख**, प्रदेश समानीकरण अनुदान तर्फ **रू.१ करोड ३० लाख ८१ हजार**, प्रदेश सशर्त अनुदान तर्फ **रू.१ करोड ५८ लाख २० हजार**, प्रदेश विशेष अनुदान तर्फ **रू.४० लाख**, प्रदेश समपुरक अनुदान तर्फ **रू.९५ लाख**, प्रदेश राजश्व बाँडफाँटबाट प्राप्त हुने आय तर्फ **रू.२ करोड १ लाख १७ हजार** संशोधित आय अनुमान रहेको छ।

त्यसै गरी, **एकीकृत सार्वजनिक वित्तीय व्यवस्थापन सेवा प्रणाली** मार्फत भुक्तानी हुने गरी **सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम** तर्फ रु. **१९ करोड ७३ लाख ९४ हजार**को शुरू अख्तियारी प्राप्त भएको छ। लाभग्राहीको संख्यामा वृद्धि भएकोले विनियोजित बजेट अपुग भएको छ, जसका कारण थप बजेट माग गरिएको छ र शुरू अख्तियारी रकम वृद्धि हुने सम्भावना रहेको छ।

यसैगरी, **स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम अन्तर्गत स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरूमा कार्यरत स्थायी स्वास्थ्यकर्मीहरूका लागि स्वीकृत दरबन्दी अनुसारको तलब, महँगी भत्ता तथा पोशाक भत्ता** भुक्तानी गर्नका लागि **रु. २ करोड ५२ लाख**को थप अख्तियारी प्राप्त भई सकेको छ।

उक्त कार्यक्रमका लागि प्रारम्भमा **स्थानीय तह सञ्चित कोष प्रणाली (SuTRA)** मार्फत आएको बजेट आवश्यकता अनुसार अपुग भएको हुँदा थप बजेट माग

गरिएमा सोही मागको आधारमा पछिल्लो पटक **एकीकृत सार्वजनिक वित्तीय व्यवस्थापन सेवा प्रणाली** मार्फत आवश्यक बजेट व्यवस्था भएको हो, जसले कर्मचारीको नियमित तलब भुक्तानी प्रक्रिया सहज र समयमै गर्न सहयोग पुऱ्याउने विश्वास लिइएको छ।

**घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र कार्यक्रम** तर्फ **जानकी गाउँपालिका कैलालीको सहकार्यमा लक्षित वर्ग तथा अन्य वर्गको लागि सिप विकास तथा प्रविधि सहयोग**को लागि **रु. १० लाख**को शुरू अख्तियारी प्राप्त भएको छ, जसले लघु उद्यम, सीप विकास र स्वरोजगारमुखी तालिम कार्यक्रमहरू सञ्चालनमा टेवा पुऱ्याउने अपेक्षा गरिएको छ।

त्यस्तै, **राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम** तर्फ **विद्यालयमा WASH सुविधा सहितको शौचालय निर्माण/खानेपानीको प्रवन्धका** लागि रु. ८ लाखको शुरू अख्तियारी प्राप्त भएको छ ।

**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय** अन्तर्गत **बालश्रम मुक्त स्थानीय तह घोषणाका लागि सशर्त अनुदान** कार्यक्रमका लागि **रु. ३ लाख**को शुरू अख्तियारी प्राप्त भइसकेको छ।

१२. **चालु आ.व. २०८१/०८२ को संशोधित व्यय अनुमानः-**

चालु आ.व. २०८१/०८२ मा शुरू व्यय अनुमान **रू.६८ करोड ५६ लाख १८ हजार** रहेकोमा संशोधित व्यय अनुमान **रू.६७ करोड ७ लाख ६८ हजार** रहेको छ । यसमा संशोधित चालु खर्च तर्फ **रू.४२ करोड १० लाख ८१ हजार ३ सय १ रूपैया** अनुमान रहेको छ भने संशोधित पुँजीगत खर्च तर्फ **रू.२४ करोड ९६ लाख ८६ हजार ६ सय ९९ रूपैया** अनुमान रहेको छ । हालसम्मको वित्तीय प्रगती ६३ **दशमलव** ६४ प्रतिशत रहेको छ ।

त्यसै गरी **सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम** तर्फ चालु आ.व. २०८१/०८२ को तेस्रो त्रैमासिकसम्म सामाजिक सुरक्षा भत्ता वितरणमा

**रू.१५ करोड ७२ लाख ३६ हजार ८ सय** खर्च भएको छ । सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम तर्फको शुरू अख्तियारीमा अन्तिम त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरणका लागि बजेट अपुग भई थप बजेट माग गरिएको हुँदा थप अख्तियारी प्राप्त हुना साथ यथाशिघ्र अन्तिम त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरणको व्यवस्था मिलाउने छु ।

यसैगरी, **स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम** अन्तर्गत स्थानीय तहका स्थायी स्वास्थ्यकर्मीहरूको २०८२ वैशाख महिना सम्मको तलब भत्ता भुक्तानीमा रु. **१ करोड ९८ लाख ९६ हजार ५६ रूपैया ८० पैसा** खर्च भएको छ ।

**१३. चालु आ.व. २०८१/०८२ मा प्राप्त मुख्य उपलब्धीहरू:-**

क. चालु आर्थिक वर्षमा कालोपत्रे सडक ५ किलोमिटर, सडक ग्राभेल १२ किलोमिटर र नयाँ ट्र्याक खोल्ने कार्य ९ किलोमिटर सम्पन्न भएको छ। विद्यालय भवन निर्माण ५ वटा, विद्यालयको छाना मर्मत ५ वटा, विद्यालयमा रंगरोगन ६ वटा र १ वटा कल्भर्ट निर्माण गरिएको छ ।

ख. भुमिहिन दलित, भुमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूको पहिचान र प्रमाणीकरण कार्य सम्पन्न भई हाल जानकी-५ मा जग्गा नापनक्शाको सुरूवात भएको र हालसम्म ११५ कित्ता नापनक्शा भएको छ ।

ग. ६८.५ हेक्टर क्षेत्रफलको ७७ जना कृषकहरुको गहुँ वालीको वाली कटानीका आधारमा ११ लाख भूत्तानी रकम कृषकको खातामा उपलब्ध गराईएको छ । १३ जना ब्यत्तिगत कृषकहरु र १४ वटा कृषक समुह/सहकारी संस्थाहरुवाट कार्यक्रम संचालन भई बोरिङ्ग जडान कार्य सम्पन्न भएको ।

घ. पशु सेवा तर्फ २३ हजार ७ सय ८२ पशुपन्छीलाई उपचार सेवा, ४१ हजार ३ सय ६६ पशुपन्छीलाई खोप वितरण र निःशुल्क पशु स्वास्थ्य शिविरमा ५ हजार ३ सय ६७ पशुपन्छीलाई सेवा प्रदान गरिएको छ ।

ङ. प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत सडक निर्माण तथा मर्मत आयोजना २२, झरन तथा सिंचाई आयोजना ८ र पोखरी निर्माण आयोजना १ गरी प्रत्यक्ष रूपमा ७० जनालाई १०० दिन बराबरको रोजगारी सिर्जना भएको छ ।

च. न्यायीक समितिमा दर्ता भएका जम्मा विवादको संख्या २३, मिलापत्र भएका ५, कैलाली जिल्ला अदालतमा सिफारिस भएका ८, मागदावी फिर्ता भएका १, डिसमिस १ र ८ वटा मुद्दा प्रकृयामा रहेका छन् ।

**आदरणीय सभाध्यक्ष महोदय,**
**एवं सभा सदस्यज्यूहरू,**

अब म आगामी आर्थिक वर्ष २०८२/०८३को बिषय क्षेत्रगत कुल बजेट विनियोजनको विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु ।

१४. **आगामी आ.व. २०८२/०८३ को बजेट विनियोजनः-**

क. **गाउँपालिका** तर्फ **रु.३२ करोड ७२ लाख ५६ हजार** विनियोजन गरेकी छु । जसमध्ये चालु खर्च तर्फ **रु.१८ करोड ४५ लाख ८६ हजार** र पुँजीगत खर्च तर्फ **रु.१४ करोड २६ लाख ७० हजार** रहेको छ ।

ख. **बिषयगत शाखा** तर्फ **रु.१ करोड २६ लाख ५१ हजार** विनियोजन गरेकी छु ।

ग. **वडा तर्फ रु.२ करोड ७० लाख** विनियोजन गरेकी छु ।

घ. **संघीय सरकार र प्रदेश सरकार शसर्त अनुदान** तर्फका कार्यक्रमहरूमा **रु.४९ करोड २३ लाख** रहेको छ ।

ङ. **संघीय सरकार र प्रदेश सरकार विशेष अनुदान** तर्फका कार्यक्रमहरूमा **रु.१ करोड ६७ लाख** रहेको छ ।

च. **संघीय सरकार र प्रदेश सरकार समपुरक अनुदान** तर्फका कार्यक्रममा **रु.३ करोड ७८ लाख** रहेको छ ।

अब म आगामी आर्थिक वर्ष २०८२/०८३को प्रमुख बिषय क्षेत्रगत कार्यक्रमहरू तथा व्यय अनुमानको विवरण पेश गर्न अनुमति चाहन्छु ।

**१५. आगामी आ.व. २०८२/०८३ का प्रमुख बिषय क्षेत्रगत कार्यक्रमहरू तथा व्यय अनुमानः-**

**आर्थिक विकास क्षेत्रः-**

क. जानकी–४ मा स्थापित नमूना कृषि अनुसन्धान तथा तालिम केन्द्रलाई थप प्रभावकारी बनाउँदै गुणस्तरीय बाली तथा फलफूल नर्सरी स्थापनाको लागि **रु. २ लाख** विनियोजन गरिएको छ।

ख. कृषकहरूको कृषि उपजलाई सहज रूपमा बजार सम्म पुर्‍याउन ढुवानीको साधन व्यवस्था गर्न **कृषि उपज ढुवानी साधन (कृषि एम्बुलेन्स)** खरिदका लागि **रु.२५ लाख** विनियोजन गरेकी छु ।

ग. कृषि पेशालाई मर्यादित एवम् ज्ञानमा आधारित बनाउनको लागि तोकिएका सामुदायिक विद्यालयहरूमा **विद्यार्थी कृषि करेसाबारी कार्यक्रम** लागु गरिनेछ । यसको लागि **रु.३ लाख** विनियोजन गरेकी छु ।

घ. कृषकहरूलाई कृषि पेशाका बारेमा जानकारी दिनका लागि **आई.पि.एम. कृषक पाठशाला सञ्चालन**का लागि **रु.१ लाख २० हजार** विनियोजन गरेकी छु ।

ङ. उत्पादनमा आधारित प्रोत्साहन अनुदानको प्रवन्ध मिलाउन **खाद्यन्न बालीको उत्पादनमा आधारित अनुदान कार्यक्रम**का लागि **रु.१२ लाख ३० हजार** विनियोजन गरेकी छु ।

च. सामुदायिक छाडा पशु चौपाया व्यवस्थापनका लागि सरोकारवालासँग समन्वय तथा सहकार्य गरी बास स्थान, औषधी उपचार, खोप, आहारा तथा खानेपानीको उचित व्यवस्था कार्यका लागि **रु.५ लाख** विनियोजन गरेकी छु ।

छ. रोग लाग्नु भन्दा रोग लाग्न नदिनका लागि व्यापक रूपमा खोप कार्यक्रमलाई निरन्तरता दिईनुका साथै **सामुदायिक छाडा तथा घर पालुवा कुकुर बन्ध्याकरण शिविर**का लागि **रु.४ लाख** र **औषधी खरिद तथा वितरण**का लागि **रु.१० लाख** विनियोजन गरेकी छु ।

ज. **सहकारी विकास एवं प्रवर्द्धनात्मक विविध कार्यक्रम**हरु सञ्चालन गर्नका लागि **रु.५ लाख** विनियोजन गरेकी छु ।

झ. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन गर्नका लागि शसर्त अनुदानबाट **रु.१५ लाख** विनियोजन भएको छ ।

**सामाजिक विकास क्षेत्र**

क. गाउँपालिकाले बालमैत्री स्थानीय शासन कार्यक्रम अवलम्बन गरी आवश्यक कार्यक्रम संचालन गर्नका लागि **रु.३७ लाख २५ हजार** विनियोजन गरेकी छु ।

ख. माग एवं आवश्यकतामा आधारित सिप तथा क्षमता विकास (लक्षित वर्ग) कार्यक्रमहरु सञ्चालन गर्नका लागि **रु.१४ लाख ४५ हजार** विनियोजन गरेकी छु ।

ग. भुमिहिन सुकुम्बासी, भूमिहिन दलित तथा अव्यवस्थित बसोबासीहरूलाई व्यवस्थापनका लागि आवश्यक कार्यक्रम सञ्चालन उपयुक्त व्यवस्था गरेकी छु ।

घ. प्रारम्भिक बाल विकास सहजकर्ताहरूको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापनका लागि **रु. १ करोड ४८ लाख ७५ हजार** विनियोजन प्रास भएको छ ।

ङ. सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई छात्रवृत्तिका लागि **रु. १३ लाख १८ हजार** विनियोजन प्रास भएको छ ।

च. विद्यालयमा दिवा खाजा कार्यक्रम सञ्चालनका लागि **रु. १ करोड १५ लाख ६३ हजार** विनियोजन प्रास भएको छ ।

छ. विद्यार्थीहरूलाई निःशुल्क पाठ्यपुस्तक वितरणका लागि **रु. ४५ लाख २८ हजार** विनियोजन प्रास भएको छ ।

ज. विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदानका लागि **रु. २२ लाख १० हजार** विनियोजन प्रास भएको छ ।

झ. शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रमका लागि **रु. ७ लाख ५० हजार** विनियोजन प्रास भएको छ ।

ञ. शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानका लागि **रु. ५५ लाख** विनियोजन प्रास भएको छ ।

ट. सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क स्यानिटरी प्याड व्यवस्थापनका लागि **रु. १८ लाख ६७ हजार** विनियोजन प्रास भएको छ।

ठ. कक्षा ९–१० मा अंग्रेजी, गणित तथा विज्ञान विषयमा शिक्षण सहयोगका लागि **रु. ६३ लाख ५८ हजार** विनियोजन प्राप्त भएको छ ।

ड. कक्षा ६–८ मा सोही विषयमा शिक्षण सहयोगका लागि **रु. ४ लाख ६१ हजार** विनियोजन प्राप्त भएको छ ।

ढ. प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सामग्री व्यवस्थापनका लागि **रु. १४ लाख ८३ हजार** विनियोजन प्राप्त भएको छ।

ण. शैक्षिक सुशासन, परीक्षण मूल्याङ्कन, शिक्षक मेन्टरिङ तथा सुपरिवेक्षणका लागि **रु. १० लाख ८७ हजार** विनियोजन प्राप्त भएको छ ।

त. विपन्न लक्षित छात्रवृत्तिका लागि **रु. ४ लाख २ हजार** विनियोजन प्राप्त भएको छ ।

थ. गुरुयोजनाका आधारमा विद्यालयको भौतिक निर्माणका लागि **रु. ५५ लाख** विनियोजन प्राप्त भएको छ ।

द. आधारभूत तथा माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षकहरू, राहत अनुदान अन्तर्गतका शिक्षकहरू, विशेष शिक्षा परिषद अन्तर्गतका शिक्षक/कर्मचारीहरू तथा प्राविधिक धाराका प्रशिक्षकहरूको तलब भत्ता व्यवस्थापनका लागि **कुल रु.१२ करोड २१ लाख** विनियोजन प्राप्त भएको छ ।

ध. सामुदायिक विद्यालयका निजी शिक्षक, बाल विकास सहयोगी कार्यकर्ता र कर्मचारी व्यवस्थापन लागि **रु.१ करोड ५० लाख** विनियोजन गरेकी छु।

न. स्वास्थ्य सेवा, सामाजिक सुरक्षा तथा मानव कल्याण प्रवर्द्धनका लागि यस वर्ष विभिन्न प्रभावकारी कार्यक्रमहरू सञ्चालन गरिने छ। मृगौला

प्रत्यारोपण, डायलाइसिस, क्यान्सर तथा मेरुदण्ड पक्षघात भएका बिरामीहरूलाई मासिक **रु. ५ हजारका** दरले औषधोपचार खर्च उपलब्ध गराउने कार्यक्रम अन्तर्गत **रु. १२ लाख ४० हजार** विनियोजन प्राप्त भएको छ।

न. **"म स्वास्थ्य, मेरो सामुदाय स्वास्थ्य"** नारासहित घर–टोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रमका लागि **रु. ४ लाख ६० हजार**, रक्तजन्य रोगजस्तै सिकलसेल, थालासिमिया रोगसम्बन्धी सचेतना कार्यक्रमका लागि **रु. १ लाख**, मानसिक स्वास्थ्य प्रवर्द्धन तथा आत्महत्या रोकथामसम्बन्धी कार्यक्रमका लागि **रु. ५० हजार**, र समुदाय स्तरमा नसर्ने रोगसम्बन्धी स्क्रिनिङ तथा जनचेतना कार्यक्रमका लागि **रु. १ लाख ५० हजार** विनियोजन प्राप्त भएको छ।

प. स्थानीय तहमा कार्यरत स्वास्थ्यकर्मीहरूको तलब, महँगी भत्ता तथा पोसाक भत्ताका लागि **रु. २ करोड ७ लाख** विनियोजन प्राप्त भएको छ।

फ. क्षयरोग नियन्त्रण, आकस्मिक औषधि तथा ल्याब सामग्री ढुवानी, कोहर्ट विश्लेषण र जोखिम समुदायमा खोजपडताल कार्यक्रम अन्तर्गत **रु. २ लाख** विनियोजन प्राप्त भएको छ।

ब. प्रजनन स्वास्थ्य सेवा, परिवार नियोजन, किशोरकिशोरी स्वास्थ्य, पोषण, मातृ तथा नवशिशु कार्यक्रम, सुरक्षित मातृत्व सेवा, निशुल्क गर्भपतन सेवा, नियमित खोप सुदृढीकरण, विद्यालय केन्द्रित खोप अभियान तथा CBIMNCI कार्यक्रम सञ्चालनका लागि झन्डै **रु. ४८ लाख** विनियोजन प्राप्त भएको छ।

भ. लामखुट्टे नियन्त्रण तथा सरसफाइ अभिमुखीकरण कार्यक्रम अन्तर्गत **रु. १ लाख**, स्वास्थ्य तथ्याङ्क गुणस्तर वृद्धिका लागि **रु. २ लाख** विनियोजन प्राप्त भएको छ।

म. नागरिक आरोग्य सेवा केन्द्र सञ्चालनका लागि **रु. ५ लाख**, आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाका लागि औषधि खरिदका लागि **रु. १० लाख ७४ हजार** र स्वास्थ्य चौकी सुदृढीकरणका लागि **रु. १ लाख २६ हजार** विनियोजन प्राप्त भएको छ।

य. राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम अन्तर्गत पोसाक प्रोत्साहन तथा यातायात खर्चका लागि **रु. २२ लाख**, आयुर्वेद सेवा प्रवर्द्धनका लागि **रु. ५ लाख** विनियोजन प्राप्त भएको छ।

र. सामाजिक सुरक्षा तथा रोजगारी प्रवर्द्धनका लागि रोजगार सेवा केन्द्र मार्फत सुरक्षित वैदेशिक रोजगारी अभिमुखीकरण, वित्तीय साक्षरता कार्यक्रम, तथा मनोसामाजिक परामर्श सेवाका लागि जनशक्ति व्यवस्थापन, भ्रमण भत्ता तथा सञ्चार खर्च लगायत गरी झन्डै **रु. १३ लाख** विनियोजन प्राप्त भएको छ।

व. सिकलसेल थालासेमिया रोगको पहिचान सम्बन्धि स्क्रिनिङ्ग शिविर संचालन, पालिका अर्न्तगतका स्वास्थ्य संस्थाहरूबाट तोकिए बमोजिमको निःशुल्क आधारभुत स्वास्थ्य सेवा प्रवाहका गर्न आवश्यक कार्यक्रम संचालन गर्नका लागि **रु.४५ लाख** विनियोजन गरेकी छु ।

**पुर्वाधार विकास क्षेत्र**

क. गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि कुल **रु ५ करोड** विनियोजन गरेकी छु।

ख. सामाजिक सुरक्षा तथा संरक्षण अन्तर्गत सब वाहन खरिदका लागि **रु ३० लाख** विनियोजन गरेकी छु।

ग. दुर्गौली बजारमा स्मार्ट बत्ती जडानका लागि **रु २५ लाख** विनियोजन गरेकी छु।

घ. कञ्चनपुर दुर्गौली सडक कालोपत्रे निर्माणमा **रु ४३ लाख** विनियोजन गरेकी छु।

ङ. खैरिपुर-भोक्सी सडक कालोपत्रे निर्माणमा सङ्घीय सरकार समपुरक अनुदान लागत साझेदारीमा **रु २ करोड ५२ लाख** विनियोजन गरेकी छु।

च. नयाँ लायकपुर–जगतपुर–मुर्तिया–कटासे हाइड्रोपावर हुँदै पूर्व पश्चिम राजमार्ग जोड्ने सडक कालोपत्रे सङ्घीय सरकार समपुरक अनुदान लागत साझेदारीमा **रु ४ करोड १४ लाख** विनियोजन गरेकी छु।

छ. जगतपुर पिपल चौतारा देखि सुवर्णपूर तिनडुड जोड्ने सडक कालोपत्रे निर्माणमा **रु ७० लाख** विनियोजन गरेकी छु।

ज. जानकी ६, ८ र ९ जोड्ने सडक कालोपत्रे निर्माणमा **रु ३२ लाख ३० हजार** विनियोजन गरेकी छु।

झ. खानेपानी सुशासन तथा पूर्वाधार प्रवर्द्धन कार्यक्रम अन्तर्गत जानकीनगर खानेपानी आयोजना, दुर्गौली खानेपानी आयोजना, मुनुवा खानेपानी आयोजना, मोतीनगर, पथरैया हजारी र अरुणोदय प्याकेज, सुबर्णपुर, जगतपुर, अमौरा अमौरी र धर्मापुर प्याकेजको लागि **रु. २८ करोड ५० लाख** विनियोजन गरेकी छु ।

ञ. खानेपानी सुशासन तथा पूर्वाधार प्रवर्द्धन कार्यक्रम अन्तर्गत सार्वजनिक विद्यालयमा शौचालय निर्माण **रु.१ करोड** विनियोजन गरेकी छु ।

**वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र**

क. वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी आयोजना तथा कार्यक्रम संचालनका लागि **रु.४ लाख** विनियोजन गरेकी छु ।

**संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्र**

क. गाउँपालिका जनप्रतिनिधिहरूको दुर्घटना बीमाको व्यवस्था मिलाईने छ । यसका लागि **रु.६ लाख** विनियोजन गरेकी छु ।

ख. गाउँपालिकामा कार्यरत कर्मचारीहरूलाई उच्च मनोबलयुक्त बनाई गाउँपालिकाको नीतिगत, प्रशासनिक एवं संरचनागत विकासलाई संस्थागत गर्न, गाउँपालिकाको दीर्घकालिन सोच, उद्देश्य, नीति तथा कार्यक्रमको कार्यान्वयन गर्न प्रोत्साहनका लागि आवश्यक बजेट विनियोजन गरेकी छु।

**आदरणीय सभाध्यक्ष महोदय,**
**एवं सभा सदस्यज्यूहरू,**

अब म नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्नका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१६. आगामी आ.व. २०८२/०८३ का लागि नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्न **रू.९१ करोड ३७ लाख ७ हजार** विनियोजन गरिएको छ ।

१७. आगामी आ.व. २०८२/०८३ का लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये आन्तरिक स्रोतबाट **रू.३ करोड १६ लाख ३१ हजार २ सय ५०** को राजश्व परिचालन हुने अनुमान गरेकी छु । त्यसै गरी संघीय समानीकरण अनुदान वापत **रू.१३ करोड ८५ लाख**, संघीय राजश्व बाँडफाँटबाट प्राप्त हुने आयबाट **रू.१२ करोड ३९ लाख ८१ हजार ४ सय ४३**, संघीय शसर्त अनुदान तर्फ **रू.४६ करोड ३ लाख**, संघीय विशेष अनुदान तर्फ रू.९२ **लाख**, संघीय समपुरक अनुदान वापत **रू. ३ करोड ३३ लाख** आय प्राप्त हुने हुने अनुमान गरेकी छु ।

त्यसै गरी प्रदेश समानीकरण अनुदान बाट **रू.१ करोड ३३ लाख २५ हजार**, प्रदेश राजश्व बाँडफाँटबाट प्राप्त हुने आयबाट **रू.२ करोड २३ लाख ९५ हजार**, प्रदेश शसर्त अनुदान तर्फ **रु.३ करोड २० लाख**, प्रदेश विशेष अनुदानबाट **रू.७५ लाख** र प्रदेश समपुरक अनुदान वापत **रू.४५ लाख** आय प्राप्त हुने अनुमान गरेकी छु ।

चालु आ.व.को अषाढ मसान्तसम्म खर्च नभई बचत हुने रकम **रू.३ करोड ७० लाख ७४ हजार ३ सय ७** रहने अनुमान गरेकी छु ।

१८. आगामी आ.व. २०८२/०८३ मा कुल बजेट विनियोजन **रू.९१ करोड ३७ लाख ७ हजार** मध्ये चालु खर्च तर्फ **रू.४५ करोड ८८ लाख ४३ हजार रूपैया** र पुँजीगत खर्च तर्फ **रू.४५ करोड ४८ लाख ६४ हजार रूपैया** हुने अनुमान गरेकी छु ।

१९. यस गाउँपालिका अर्न्तगत संघीय सरकारबाट अख्तियारी प्राप्त हुने सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम एकल खाता कोष प्रणाली मार्फत भुक्तानी हुने

भएकोले आगामी आर्थिक वर्षमा उक्त कार्यक्रमको स्रोत समावेश नगरिएको व्यहोरा अवगत गराउन चाहन्छु ।

**आदरणीय सभाध्यक्ष महोदय,**
**एवं सभा सदस्यज्यूहरू,**

२०. करका दरहरू समेत उल्लेख भएको आर्थिक विधेयक, २०८२ तथा खर्चलाई व्यवस्थित गर्न बनेको विनियोजन विधेयक, २०८२ स्वीकृतीको लागि यस सम्मानित सभामा पेश गरेकी छु ।

२१. **आगामी आ.व. २०८२/०८३ का राजश्व नीतिः-**
अब म आर्थिक वर्ष २०८२/०८३ का लागि राजश्व निति प्रस्तुत गर्न चाहन्छु।

क. **नेपालको संविधान** २०७२ तथा **स्थानीय सरकार संचालन ऐन,** २०७४ ले प्रदान गरेको अधिकार क्षेत्र भित्र रही कूल बजेटमा आन्तरिक आम्दानीको अंश बृद्धि गर्दै लैजाने गरी करको दरमा सामान्य परिवर्तन तथा करको दायराको व्यापक उपयोग गर्ने नीति लिएकी छु ।

ख. आन्तरिक राजश्वका दायरा विस्तार गरी राजश्व चुहावट नियन्त्रण गर्न सम्पूर्ण वडा कार्यालयहरूमा अनिवार्य रूपमा **स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SuTRA)** मा थप भएको **राजश्व मोड्युल** लागु गरी नियमित राजश्व संकलन गर्ने व्यवस्था मिलाईने छ ।

ग. राजश्व सुधारका लागि राजश्व सुधार कार्य योजना बनाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ ।

घ. रोडा, ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर, विज्ञापन कर, मनोरञ्जन कर आदिको दर तथा दायरा विज्ञ समूहबाट अध्ययन गराई राजश्व संकलनलाई थप प्रभावकारी बनाईने छ ।

ङ. गाउँपालिका क्षेत्र भित्रका व्यापार व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारका आधारमा व्यवसाय दर्ता गर्न प्रोत्साहित गरी व्यापार व्यवसायलाई करको दायरामा ल्याईने छ ।

च. विद्यमान राजश्व नीति, कार्यक्रम, आर्थिक ऐन, करको दररेट, राजश्व सङ्कलन, राजश्व प्रशासन संस्थागत व्यवस्था, आय श्रोतहरूको सम्भावना र यथार्य सङ्कलनको फरक पहिचान, समीक्षा, विश्लेषण गरी सुधार गर्दै लगिने छ ।

२२. हामीले प्रस्तुत गरेका नीति तथा कार्यक्रम र बजेटबाट गाउँपालिकाबासीका आधारभुत आवश्यकताहरू परिपूर्ति गरी जीवनस्तर गुणात्मक सुधार हुँदै जाने, गाउँपालिकामा उपलब्ध सिमित स्रोत साधनको उच्चतम उपयोगबाट गाउँपालिकाबासीको आर्थिक उन्नतीमा टेवा पुग्ने र बञ्चितिमा परेका वर्ग, क्षेत्र तथा समुदायहरूको विकासमा मुलप्रवाहीकरण भई समावेशीताको प्रवर्द्धन मार्फत स्थानीय लोकतन्त्र सबलीकरण हुने विश्वास लिएकी छु ।

**आदरणीय सभाध्यक्ष महोदय,**
**एवं सभा सदस्यज्यूहरू,**

२३. उल्लेखित बजेट कार्यान्वयनको लागि समग्र सहभागितात्मक पद्धतीबाट बस्ती, गाउँ, टोल हुँदै गाउँ कार्यपालिकाबाट तय भएका अनुसूचीमा उल्लेखित आयोजना तथा कार्यक्रम र विनियोजित बजेट माथि छलफल तथा स्वीकृतिको लागि अनुरोध गर्दछु ।

२४. अन्तमा, प्रस्तुत नीति तथा कार्यक्रम र बजेट तर्जुमाका क्रममा मार्गदर्शन गर्नु हुने गाउँपालिका अध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, विषयगत समितिका संयोजकज्यूहरू, वडा अध्यक्षज्यूहरू, गाउँ सभाका सदस्यज्यूहरू, गाउँपालिका कर्मचारी मित्रहरू, नागरिक समाजका व्यक्तित्वज्यूहरू, राजनितिक दलका प्रतिनिधिहरू, पत्रकारज्यूहरू तथा सम्पूर्ण जानकी गाउँपालिकाबासीलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**हार्दिक धन्यवाद !**

**नमस्कार ! !**

**२०८२ साल असार ५ गते बिहीबार ।**

.................................

**लालमति देवी कठरिया**

**उपाध्यक्ष**